# कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

स्वीकृत मितिः २०८१/०८/२८

**प्रस्तावना** : कृषि प्रविधि र यान्त्रिकरणको प्रयोग गरी जमिन तथा श्रमिकको उत्पादकत्व वृद्धि गर्न र कृषिलाई आधुनिक, व्यवसायिक र प्रतिष्पर्धी बनाउन वाञ्छनिय भएकोले प्रदेश विनियोजन ऐन २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि स्वीकृत गरेको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयवाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आवेदक" भन्नाले कृषि यन्त्र उपकरण तथा प्रविधि लिन आवेदन पेस गर्ने कृषक समूह, कृषि सहकारी, निजी कृषि फर्म, कृषि उद्यमी आदिलाई सम्झनु पर्छ ।

(ख) "आपूर्तिकर्ता" भन्नाले कृषि यन्त्र उपकरण बिक्री वितरण गर्ने कम्पनी, उत्पादक, वितरक, डिलरलाई सम्झनु पर्छ ।

(ग) "कृषि यन्त्र उपकरण" भन्नाले बाली, पशुपन्छी, मत्स्य, मौरी, च्याउ आदि जस्ता कृषि उपजहरुको उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरणका कार्यमा प्रयोग हुने यन्त्र उपकरण, औजार र एट्याचमेन्टलाई सम्झनु पर्छ ।

(घ) "निर्देशनालय" भन्नाले कृषि विकास निर्देशनालय वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(ङ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(च) "प्रविधि" भन्नाले कृषि, पशुपन्छी तथा मत्स्यजन्य बाली वस्तुहरुको उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरण सम्बन्धी कार्यमा प्रयोग हुने प्रविधि सम्बन्धी कार्यहरु सम्झनु पर्छ ।

(छ) "बोर्ड" भन्नाले प्रदेशको दुग्ध विकास बोर्ड सम्झनु पर्छ ।

(ज) "मन्त्रालय" भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ ।

(झ) "कार्यालय" भन्नाले मन्त्रालय मातहतका जिल्ला स्थित कृषि विकास कार्यालय र पशु सेवा कार्यालयलाई सम्झनु पर्छ।

(ञ) "लाभग्राही" भन्नाले कृषि यन्त्र उपकरण तथा प्रविधि लिन इच्छुक कृषक समूह, कृषि सहकारी, निजी कृषि फर्म, कृषि उद्यमी आदिलाई सम्झनु पर्छ।

(ट) "स्थानीय तह" भन्नाले प्रदेशमा रहेका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ।

(ठ) "स्वलगानी" भन्नाले लाभग्राहीले प्रोत्साहन बाहेकको साझेदार हुने रकमलाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## कार्यक्रम सञ्चालनको प्रक्रिया

३. सुचना प्रकाशन: कृषि यन्त्र उपकरण तथा प्रविधि लिन चाहने आवेदकका लागि २१ दिनको म्याद दिइ बोर्ड/निर्देशनालय/कार्यालयले अनुसूची-१ बमोजिम राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नेछ ।

४. प्रस्ताव पेस गर्ने: (१) कृषि यन्त्र उपकरण तथा प्रविधि लिन इच्छुक आवेदकले तोकिएको म्याद भित्र सम्बन्धित बोर्ड/निर्देशनालय/कार्यालयमा अनुसूची-२ बमोजिम आवेदन पेस गर्नुपर्नेछ । प्रस्ताव पेस गर्दा आवेदकले अनुसूची-३ बमोजिमको प्रतिबद्धता पेस गर्नुपर्नेछ।

(२) कृषि यन्त्र उपकरण तथा प्रविधि सम्बन्धी न्यूनतम मापदण्ड अनुसूची-४ बमोजिम हुनेछ ।

(३) भूगोल सुहाँउदो कृषि यन्त्र तथा प्रविधि प्रवर्धनको लागि बोर्ड/निर्देशनालय/ कार्यालयले कृषि यन्त्र तथा प्रविधिको वर्गिकरण गर्न सक्नेछ ।

५. प्रस्ताव मूल्याङ्कन: (१) बोर्ड/निर्देशनालय/कार्यालयमा पेस हुन आएका प्रस्तावहरु मूल्याङ्कनको लागि सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको मूल्याङ्कन समिति गठन गर्नुपर्नेछ।

(२) मूल्याङ्कन समितिको बैठकमा आवश्यकतानुसार बढीमा दुई जना विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(३) मूल्याङ्कन समितिले प्रस्तावहरुको मूल्याङ्कन गरी बोर्ड/निर्देशनालय/कार्यालयमा स्वीकृतिको लागि पेस गर्नुपर्नेछ।

(४) मूल्याङ्कनका आधारहरु समितिले तोके बमोजिम हुनेछ।

(५) आवश्यकता अनुसार मूल्याङ्कन समितिले स्थलगत अनुगमन गर्न सक्नेछ।

६. सम्झौता: (१) प्रस्ताव स्वीकृत भएका आवेदकले जानकारी प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र अनुसूची-५ बमोजिम सम्बन्धित बोर्ड/निर्देशनालय/कार्यालयसँग सम्झौता गर्नु पर्नेछ। लाभग्राहीले सम्झौता गर्नु अघि अन्य तह र कार्यक्रमबाट दोहोरो सुविधा नलिएको प्रतिबद्धता पेस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समय सीमा भित्र सम्झौता गर्न नआएमा क्रमश प्राथमिकतामा रहेका आवेदक संस्थासँग सम्झौता गर्न सकिनेछ ।

(३) सम्झौता बमोजिम कृषि यन्त्र उपकरण तथा प्रविधिको खरिद कार्य आवेदक आफैले गर्नुपर्नेछ । यसरी खरिद कार्य गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको व्यवस्था अनुरुप खरिद गर्नु पर्नेछ ।

## परिच्छेद-३
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

७. कार्यक्रम सञ्चालनको आर्थिक पक्षः (१) स्वीकृत वार्षिक कार्यक्रममा बजेटको व्यवस्था भए बमोजिम कृषि यन्त्र उपकरण र प्रविधिमा अनुसूची-६ बमोजिम प्याकेजमा रकम लाभग्राहीलाई उपलब्ध गराइनेछ।

(२) कार्यक्रम बजेटको दुई प्रतिशत कन्टिन्जेन्सी बापत कट्टा गरिनेछ र सो रकम बैठक, अनुगमन, निरीक्षण, इन्धन आदि कार्यमा खर्च गर्न सकिनेछ ।

८. भुक्तानी प्रक्रिया : कृषि यन्त्र उपकरण खरिद गरीसकेपछि लाभग्राहीलाई बैंक खाता मार्फत रकम भुक्तानी गरिनेछ। रकम भुक्तानीको लागि बिल बीजक, आपुर्तिकर्तासँग सम्बन्धित कागजात (दर्ता, करचुक्ता, भ्याट दर्ता, आदि), कृषि यन्त्र उपकरणको विवरण, फोटो र अन्य आवश्यक कागजातहरु सहित सम्बन्धित बोर्ड/निर्देशनालय/कार्यालयमा निवेदन पेस गर्नुपर्नेछ। यसरी पेस गरेका कागजातहरु सम्बन्धित बोर्ड/निर्देशनालय/कार्यालयले चेकजाँच गरी नियमानुसार भुक्तानी दिनेछ ।

## परिच्छेद-४
## विविध

९. लाभग्राहीको दायित्व : प्राप्त कृषि औजारको दिगो रुपमा संरक्षण, मर्मत सम्भार, संवर्धन र सदुपयोग गर्नु सम्बन्धित लाभग्राहीको दायित्व हुनेछ ।

१०. विशेष प्राथमिकता : (१) जमिनको चक्लावन्दी गरी सामूहिक खेती र पिछडिएको क्षेत्र तथा समुदायलाई विशेष प्राथमिकता दिइ कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय र स्थानीय तहहरुद्वारा सञ्चालित कार्यक्रम तथा आयोजनाहरुसँग समन्वय गरी तादम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकीकृत रुपमा सञ्चालन गरिनेछ ।

(३) नेपाल सरकार/प्रदेश सरकारले प्राथमिकता दिन भनी तोकीएका वर्गलाई प्राथमिकता दिइनेछ ।

(४) स्वदेशी उद्योग/कारखाना/आविष्कार केन्द्रबाट उत्पादित कृषि औजार उपकरणको प्रयोगलाई प्राथमिकता दिइ कार्यक्रम सञ्चालन गरिनेछ।

११. अनुगमन तथा मूल्याङ्कनः (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय तथा सम्बन्धित बोर्ड/निर्देशनालय/कार्यालयले गर्नेछ ।

(२) उपदफा (१) र (२) बमोजिम गरिएको अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन मन्त्रालयमा पेस गर्नु पर्नेछ ।

१२. <u>कारबाहीको व्यवस्था</u>ः सम्झौता अनुरुप काम नगर्ने लाभग्राहीलाई सम्बन्धित बोर्ड/निर्देशनालय/कार्यालयले प्रचलित कानुनबमोजिम कारबाही गर्नेछ । लाभग्राहीले अन्य तह र कार्यक्रमबाट दोहोरो सुविधा प्राप्त गरेमा वा प्राप्त सेवा सुविधाको दुरुपयोग गरेको पाईएमा भुक्तानी भएको रकम प्रचलित कानुन अनुसार ब्याज सहित असुल उपर गरिनेछ।

१३. <u>संशोधन</u> : यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ। आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई संशोधन गरिनेछ ।

१४. <u>प्रचलित कानुन बमोजिम हुने</u>: यस कार्यविधिमा उल्लेख भएका सञ्चालन प्रक्रिया बाहेकका बुदाँहरु प्रचलित कानुनसँग बाझिएमा प्रचलित कानुन बमोजिम नै हुनेछ।

अनुसूची- १
(दफा ३ सँग सम्बन्धित)
सूचना प्रकाशनको ढाँचा

*प्रथम पटक प्रकाशित मितिः*

यस बोर्ड/निर्देशनालय/कार्यालय..........को आर्थिक वर्ष..... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ............कार्यक्रममा सहभागी हुन प्रदेशका कृषक समूह, कृषि सहकारी, निजी कृषि फर्म, कृषि उद्यमीले यो सूचना प्रकाशित भएको तीस दिनभित्र कार्यालय समयमा सम्बन्धित बोर्ड/निर्देशनालय/कार्यालयमा देहाय बमोजिमका कागजात सहित आवेदन पेस गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदन छनौटका लागि समावेश हुन नसक्ने बेहोरा समेत जानकारी गराइन्छ ।

तपसिलः

पेस गर्नुपर्ने कागजातहरुको विवरणः

१. रु.१०।-को हुलाक टिकट टाँस गरेको अनुसूची-२ बमोजिमको निवेदन,
२. अनुसूची-३ बमोजिमको प्रतिबद्धता पत्र,
३. मेसिनरी औजार सञ्चालन तथा मर्मत सम्बन्धी तालिम लिएको भए सो प्रमाणपत्रको प्रतिलिपि,
४. दर्ता प्रमाणपत्रको प्रतिलिपि,
५. संस्था नविकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र,
६. आवेदकको PAN वा VAT प्रमाणपत्रको प्रतिलिपि,
७. संस्थाको हकमा निर्णय प्रतिलिपि,
८. आवेदन प्रक्रियाको लागि जिम्मेवारी दिइ खटाउने पदाधिकारीलाई अख्तियारी पत्र,
९. अधिकार प्राप्त पदाधिकारीको नागरीकता प्रमाणपत्रको प्रतिलिपि र फोटो १ प्रति ( पासपोर्ट साइजको) ।

पुनश्चः कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ यस बोर्ड/निर्देशनालय/कार्यालय,......... को वेवसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

अनुसूची – २

( दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

<u>आवेदन पेस गर्ने ढाँचा</u>

मिति:

श्रीमान् प्रमुखज्यू,
बोर्ड/निर्देशनालय/जिल्ला स्थित कार्यालय,
........................................ ।

विषय : कृषि यन्त्र उपकरण र प्रविधि उपलब्ध गराइ पाउँ ।

मलाई/हामीलाई कृषि/पशुपन्छी/मत्स्य क्षेत्रमा उपयोग गर्नका लागि मिति........................प्रकाशन गरिएको सूचनाको आधारमा उल्लेखित मध्येको आवश्यक परेको कृषि यन्त्र उपकरणहरु यसै साथ माग फाराम संलग्न गरी कृषि यन्त्र उपकरण उपलब्ध गराइ पाउनका लागि यो निवेदन पेस गरेका छु / छौ ।

१.
२.
३.

<u>निवेदक</u>
दस्तखत :
नाम :
आवेदकको नाम :
पद :
छाप :

# कृषि यन्त्र उपकरण र प्रविधि माग फारम

(क) साझेदारको विवरण :

१. संस्थाको नाम :-.............................................
२. अधिकार प्राप्त पदाधिकारीको नाम र नागरीकता प्र.प.न............जारी मिति ..............
३. संस्था दर्ता नं. ....... दर्ता मिति ...............दर्ता निकाय ............
४. स्थायी ठेगाना :- जिल्ला...........गाँउपालिका/ नगरपालिका.........वडा नं. ......टोल ......
५. हालको ठेगाना :- जिल्ला ......गाँउपालिका/ नगरपालिका.........वडा नं. ...... टोल .......
६. सम्पर्क : मोवाईल नं. ....................... फोन नं. ......................ईमेल ..................
७. सम्पर्क व्यक्तिको नाम :- .................. पद: .................. मोबाईल नं. ...............
८. खाता रहेको बैकको नाम:..................ठेगाना ...........................खाता नं.............
९. साझेदारको PAN No. .........................
१०. सदस्य संख्या: महिला ......पुरुष ...... दलित .........जनजाती..........
११. लाभान्वित कृषक संख्या: प्रत्यक्ष................... अप्रत्यक्ष .......
१२. प्राप्त गर्न चाहेको कृषि यन्त्रहरुको विवरण

| सि. नं. | यन्त्रको नाम | ब्राण्ड | मोडल | हर्ष पावर / साईज | मूल्य रु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

१३. प्राप्त कृषि यन्त्रहरु उपयोग गर्ने ........................................ क्षेत्र :

| सि. नं. | जिल्ला | गाँउ/ नगरपालिका |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

१४. कृषि यन्त्र उपकरण र प्रविधि लिन म / हामी छनौट भएमा कार्यालयवाट पाईने सेवा सुविधा वाहेक आफ्नो स्वलगानी गरी कार्यक्रममा संग्लन हुन सहमत छु / छौं ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

माथि पेस गरेको विवरण ठिक साँचो छ, झुठा भएमा कानुनी कार्बाही भएमा राजी छु / छौं । मलाई / हामीलाई त्यस बोर्ड/निर्देशनालय/कार्यालयबाट व्यवस्था भए बमोजिमको बजेट उपलब्ध गराइ दिनु हुन अनुरोध गर्दछु / छौं ।

संस्थाको छाप

निवेदकको सही :

मिति :

अनुसूची -३

(दफा ४ को उपदफा १ सँग सम्बन्धित)

<u>प्रतिबद्धता पत्र</u>

..............................को मिति..............................को सूचना अनुसार ........कार्यक्रम सञ्चालनको सहभागिताको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेस गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु । कार्ययोजना अनसारको कार्य नगरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित ब्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं ।अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

<u>आवेदकको तर्फबाट</u>

नामः

पदः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |

अनुसूची – ४
( दफा ४ को उपदफा (२) सँग सम्बन्धित)
आवेदन पेस गर्न पुरा गर्नुपर्ने न्यूनतम मापदण्ड

| सि.न | यन्त्र उपकरण र प्रविधिको नाम | आवश्यक मापदण्ड | कैफियत |
|---|---|---|---|
| क. | कृषिजन्य यन्त्र उपकरण | | |
| १ | मिनिटिलर | कम्तीमा ०.५ हेक्टरमा खेती गरिरहेको | |
| २ | रिपर | कम्तीमा २ हेक्टरमा खेती गरिरहेको | |
| ३ | स्प्रेयर | कम्तीमा ०.५ हेक्टरमा खेती गरिरहेको | |
| ४ | धान थ्रेशर | कम्तीमा १ हेक्टरमा खेती गरिरहेको | |
| ५ | गहु थ्रेशर | कम्तीमा १ हेक्टरमा खेती गरिरहेको | |
| ६ | मेज सेलर | कम्तीमा १ हेक्टरमा खेती गरिरहेको | |
| ७ | कम्बाईन राईस मिल | दैनिक औसतमा ५० के.जि. अन्नबाली कुटानी हुनुपर्ने | |
| ८ | बोईलर | कम्तीमा २००० के.जी च्याउको बीउ खेती गरेको हुनुपर्ने | |
| ९ | फगर सेट | कम्तीमा २००० के.जी च्याउको बीउ खेती गरेको हुनुपर्ने | |
| १० | ब्लोअर (च्याउ खेतीको लागि) | कम्तीमा २००० के.जी च्याउको बीउ खेती गरेको हुनुपर्ने | |
| ख | पशुपन्छी तथा मत्स्यजन्य यन्त्र उपकरण | | |
| १ | मिल्किङ्ग मेसिन | कम्तीमा १० वटा दुहुना पशुपालन गरेको हुनुपर्ने | |
| २ | चिलिङ्ग भ्याट | कम्तीमा दैनिक १००० लि. दुध संकलन हुनुपर्ने | |
| ३ | साईलेज बनाउने मेसिन | कम्तीमा २० हेक्टरमा मकै खेती भएको हुनुपर्ने | |
| ४ | च्याफकटर (मोटर सहित) | कम्तीमा २ वटा दुहुना पशुपालन गरेको हुनुपर्ने | |
| ५ | एरिएटर | कम्तीमा ०.५ हेक्टरमा माछापालन गरेको | |
| ६ | क्रिम सेपारेटर (Cream Separator) | कम्तीमा दैनिक १०० लि. दुध संकलन हुनुपर्ने | |
| ७ | मिल्क एनालाईजर(Milk Analyzer) | कम्तीमा दैनिक २०० लि. दुध संकलन हुनुपर्ने | |
| ८ | डि फेदरीङ्ग मेसिन (D-Feathering Machine) | कम्तीमा दैनिक ५० के.जि. मासु बेचबिखन गर्ने क्षमता भएका उद्यमी | |
| ९ | डि-फ्रिज (३०० लिटर) | कम्तीमा दैनिक ५० लि. दुध र २० के.जी मासुजन्य पदार्थ संकलन तथा बिक्री वितरण | |
| १० | Stainless Steel Can (40 Liters) | कम्तीमा दैनिक २५ लि. दुध उत्पादन तथा संकलन हुनुपर्ने | |

| | | | |
|---|---|---|---|
| ११ | खुवा बनाउने मेसिन (१२० लि) | दैनिक १०००ली. दुध उत्पादन हुनु पर्ने | |
| १२ | बटर चर्नर(६० लिटर) | दैनिक १०००ली. दुध उत्पादन हुनु पर्ने | |
| १३ | आईसक्रिम मेसिन | दैनिक ५००ली. दुध उत्पादन हुनु पर्ने | |
| १४ | पनिर बनाउने मेसिन | दैनिक ५००ली. दुध उत्पादन हुनु पर्ने | |
| १५ | छुर्पी बनाउने मेसिन | दैनिक १०००ली. दुध उत्पादन हुनु पर्ने | |
| १६ | मिट चिल्लर मेशिन | कम्तिमा दैनिक ८० के.जी. माछा/मासु वेचविखन,उत्पादन तथा प्रसोधन गर्ने क्षमता भएको | |
| १७ | भ्याकुम प्याक मेशिन | कम्तिमा दैनिक ५० केजी माछा/मासु वेचविखन, उत्पादन तथा प्रसोधन गर्ने क्षमता भएको | |
| १८ | काउ म्याट(Cow Mat) | कम्तिमा ५ वटा गाई भैसीपालन गरेको हुनुपर्ने | |
| १९ | सोलार ड्रायर मेशिन(Solar Dryer machine) | कम्तिमा दैनिक २०० के.जी. माछा/मासु उत्पादन तथा प्रसोधन गर्ने | |
| २० | मिट हेयर रिमुभर मेशिन(Meat Hair Remover Machine) | कम्तिमा दैनिक १०० के.जी. माछा/मासु वेचविखन गर्ने क्षमता भएको | |
| २१ | बंगुरको अटोमेटिक दाना खुवाउने मेशिन(Pig Auto Feeder) | कम्तिमा २० वटा माउ बंगुर पालन गरेको हुनुपर्ने | |
| २२ | माछाको अटोमेटिक दाना खुवाउने मेशिन( Fish Auto Feeder) | कम्तिमा १ हेक्टर जलासयमा माछापालन गरेको हुनुपर्ने | |

अनुसूची-५

(दफा ६ को उपदफा १ सँग सम्बन्धित)

## लाभग्राही र बोर्ड/निर्देशनालय/कार्यालय बीचको सम्झौता-पत्र

यस .......बोर्ड/निर्देशनालय/कार्यालय.... को आर्थिक वर्ष .......... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कृषिमा यान्त्रिकरण तथा प्रविधि प्रवर्धन, सहयोग तथा क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालनको लागि मिति .......... गतेको .......... राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना मुताबिक पेस हुन आएका प्रस्तावहरु मध्ये श्री ........................ को प्रस्ताव छनौट भएको हुँदा बोर्ड/निर्देशनालय/कार्यालय ............................(यसपछि प्रथम पक्ष भनिने) र श्री ...................(यसपछि दोस्रो पक्ष भनिने) बिच तपसिल अनुसारका सर्तहरु पालना गर्ने गरी कार्यक्रम सञ्चालनका लागि द्विपक्षीय सम्झौता गरी बुझिलियौं/दियौं ।

तपसिलः

१. दोश्रो पक्षले प्रचलित कानुन बमोजिम दर्ता भएका आपूर्तिकर्ताबाट कृषि यन्त्र उपकरण तथा प्रविधि खरिद गर्नु पर्नेछ।

२. प्रथम पक्षले कृषि यन्त्र उपकरण र प्रविधि खरिद गरेबापत लाभग्राहीलाई एकमुष्ठ रु.......... बैक मार्फत उपलब्ध गराउनेछ ।

३. दोश्रो पक्षले आफुले चाहेको कृषि यन्त्र उपकरण र प्रविधि खरिद गर्न सक्नेछ । प्याकेज रकम बाहेकको रकम साझेदार आफैले स्वलगानी गर्नुपर्नेछ ।

४. दोश्रो पक्षले भुक्तानीको लागि आपुर्तिकर्ता सम्बन्धी कागजात, बिल बीजक, कृषि यन्त्र उपकरणको फोटो प्रथम पक्षलाई पेस गर्नु पर्नेछ ।

५. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा सृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

६. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

७. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानुन र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

८. सम्झौता अनुरुप काम नगर्ने दोस्रो पक्षलाई बोर्ड/निर्देशनालय/कार्यालयले बजेट रोक्का गर्नेछ । सम्झौता बमोजिम अनुदान रकम लिइ दुरुपयोग गरेमा दोस्रो पक्षबाट प्रचिलत कानुन अनुसार हर्जना सहित अनुदान रकम असुल उपर गरिनेछ।

दोस्रो पक्षको तर्फबाटः

हस्ताक्षरः

प्रथम पक्षको तर्फबाटः

हस्ताक्षरः

माननीय प्रकाश श्रेष्ठ

मन्त्री

नामः
पदः
लाभग्राही
छापः

नामः
पदः
कार्यालयः
छापः

<u>रोहबर</u>

हस्ताक्षरः
नामः
पदः
साझेदारः
साझेदारको छापः

हस्ताक्षरः
नामः
पदः
कार्यालयः
कार्यालयको छापः

इति सम्वत् ............... साल ................. महिना ......... गते रोज ........ शुभम् ।

अनुसूची-६

( दफा ७ को उपदफा १ सँग सम्बन्धित)

लाभग्राहीलाई उपलब्ध गराइने रकम

| सि.न | यन्त्र उपकरणको नाम | प्याकेज रकम (रु.) | कैफियत |
|---|---|---|---|
| क. | कृषिजन्य यन्त्र उपकरण | | |
| १ | मिनिटिलर (पेट्रोल वा डिजल किसिम) | रु. ३०,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| २ | मिनि टिलर अटयाचमेन्ट (Attachments) | खरिद मूल्यको बढीमा ५० प्रतिशत | |
| ३ | रिपर | रु. ९०,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ खरिद | |
| ४ | स्प्रेयर (Battary/Battary cum manual) | रु. २५०० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| ५ | पावर स्प्रेयर (मेसिन) | रु. २०,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| ६ | धान थ्रेशर | रु. १५०,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| ७ | गहु थ्रेशर | रु. १५०,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| ८ | मेज सेलर | खरिद मूल्यको बढीमा ५० प्रतिशत | |
| ९ | कम्बाईन राईस मिल | रु. २०,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| १० | चाफ कटर (Manual) | रु. ७,५०० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| ११ | चाफ कटर (Electric) | रु. २५,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| १२ | पावर टिलर | रु. ८०,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| १३ | पावर टिलर अटयाचमेन्ट (Attachments) | खरिद मूल्यको बढीमा ५० प्रतिशत | |
| १४ | टयाक्टरको अटयाचमेन्ट (Attachments) | | |
| १४.१ | कल्टिभेटर (Cultivator) | खरिद मूल्यको बढीमा ५० प्रतिशत | |
| १४.२ | डिस्क हेरो (Disc Harrow) | खरिद मूल्यको बढीमा ५० प्रतिशत | |

मानबीय प्रकाश श्रेष्ठ

| | | | |
|---|---|---|---|
| १४.३ | एम वि प्लाओ | खरिद मूल्यको बढीमा ५० प्रतिशत | |
| १४.४ | रोटाभेटर | खरिद मूल्यको बढीमा ५० प्रतिशत | |
| १४.५ | लेभलर | खरिद मूल्यको बढीमा ५० प्रतिशत | |
| १४.६ | सिड कम फटिलाईजर ड्रिल | रु. १,२०,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| १४.७ | पोटेटो प्लान्टर | रु. १४०,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| १५ | बोईलर | रु. १,५०,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| १६ | फगर सेट | रु. १,५०,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| १७ | ब्लोअर (च्याउ खेतीको लागि) | रु. १०,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| १८ | सोलार ड्रायर (बेसार/गुन्द्रुक सुकाउने) (न्यूनतम १५ के.जी. क्षमता) | रु. १५,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| १९ | बेसार पिस्ने मेसिन | रु. १०,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| २० | प्याकेजिङ् मेसिन | रु. ५,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| ख | पशुपन्छी तथा मत्स्यजन्य यन्त्र उपकरण | | |
| १ | मिल्किङ्ग मेसिन | रु. ९०,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| २ | चिलिङ्ग भ्याट (५०० लि.) | रु. १,१५,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| ३ | चिलिङ्ग भ्याट (१००० लि.) | रु. २,२०,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| ४ | चिलिङ्ग भ्याट (२००० लि.) | रु. ३,५०,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| ५ | चिलिङ्ग भ्याट (३००० लि.) | रु. ४,२५,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| ६ | चिलिङ्ग भ्याट (५००० लि.) | रु. ५,००,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| ७ | साईलेज बनाउने मेसिन | रु. ३,००,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| ८ | च्याफकटर (मोटर सहित) | रु. १८,००० वा खरिद मूल्यको ५० | |

| | | | |
|---|---|---|---|
| | | प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| ९ | एरिएटर (४ पेडल) | रु. २५,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| १० | क्रिम सेपारेटर (Cream Separator) कम्तीमा ८० लिटरको | रु. २०,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| ११ | मिल्क एनालाईजर (Milk Analyzer) | रु. १,६०,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| १२ | डि फेदरीङ्ग मेसिन (D-Feathering Machine) | रु. २५,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| १३ | डि-फ्रिज ४०० लिटर | रु. २५,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| १४ | Stainless Steel Can 40 liters | रु. ५,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| १५ | खुवा बनाउने मेसिन १२० लि. | रु. १,४०,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| १६ | बटर चर्नर (६० लि.) | रु. ८०,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| १७ | आईसक्रिम मेसिन | रु. २,१०,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| १८ | पनिर/छुर्पी प्रेसर | रु. २०,००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| १९ | मिट डिस्प्ले चिल्लर मेशिन(Meat Display Meat Chiller Machine) | रु ७५००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| २० | भ्याकुम प्याक मेशिन(Vacuum Pack Machine) | रु ४५००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| २१ | काउ म्याट(Cow Mat) | रु ४००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| २२ | इलेक्ट्रिक ड्रायर मेशिन(Electric Dryer machine) | रु ५०००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| २३ | मिट हेयर रिमुभर मेशिन(Meat Hair Remover Machine) | रु १००००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |
| २४ | बंगुरको अटोमेटिक दाना खुवाउने मेशिन(Pig Auto Feeder) | रु ४०००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |

| | | | |
|---|---|---|---|
| २५ | माछाको अटोमेटिक दाना खुवाउने मेशिन (Solar based Fish Auto Feeder) | रु ७०००० वा खरिद मूल्यको ५० प्रतिशतले हुने रकममा जुन कम हुन्छ | |

नोटः माथि उल्लेखित कृषि यन्त्र उपकरण तथा प्रविधि बाहेक अन्यको हकमा खरिद मुल्यको बढीमा ५० प्रतिशत नबढ्ने गरी प्याकेज रकम बोर्ड/निर्देशनालय/कार्यालयले तोक्न सक्नेछ

माननीय प्रकाश
मन्त्री